

# कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को

# बजेट विश्लेषण






लक्ष्मीप्रसाद पौड्याल

ऋति फाउण्डेसन
२०८१

# १. पृष्ठभूमी

नेपालको कुल भू-भागको करिब २१ प्रतिशत रहेको कर्णाली प्रदेशको जनसंख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। यो संख्या नेपालको कुल जनसंख्याको ५.७९ प्रतिशत हुन आउँछ। [१] कर्णाली प्रदेश सरकार स्थापना भएपश्चात आर्थिक वर्ष २०७४/७५ (आंशिक) देखि आर्थिक वर्ष २०८१/८२ सम्म गरी जम्मा ८ वटा बजेट ल्याएको छ। नेपालको संविधान २०७२ ले अनुसूची-६ मा उल्लेख गरेका प्रदेशको अधिकारको सूची, अनुसूची-७ मा उल्लेख गरेका संघ र प्रदेशको साझा अधिकारको सूची तथा अनुसूची-९ उल्लेख गरेका संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीअन्तर्गत प्रदेश सर कारले कार्यसम्पादन गरिरहेको छ। [२] प्रदेश सरकारले अधिकारको कार्यान्वयनको लागि प्रदेश सरकारले विभिन्न कानून निर्माण गरिरहेको छ। त्यसका साथै प्रदेशको विकासका लागि हरेक आर्थिक वर्षमा बजेट ल्याउने गर्दछ। नेपालको संविधान २०७२ को भाग-१६ मा उल्लेख गरिएको प्रदेश आर्थिक कार्यप्रणाली बमोजिम रही प्रदेश सरकारले आर्थिक कार्यप्रणाली सञ्चालन गर्दै आएको छ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार कर्णाली प्रदेश मानव विकासका अधिकांश सुचकहरुमा पछाडी रहेको छ। [३] यसबाट माथी उठ्नका लागि पनि कर्णाली प्रदेश सरकारको बजेट केन्द्रीत हुन आवश्यक हुन्छ। यहाँको आर्थिक विकासका लागि प्रदेश सरकारको बजेट कति प्रभावकारी छ भन्ने विषय अध्ययन र विश्लेषणको विषय हो।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार कुल ग्राहस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान ४.२८ प्रतिशत रहेको छ। [४] जुन अघिल्ला आर्थिक वर्षहरुमा भन्दा बढ्दो दरमा छ। यससँगै कर्णाली प्रदेश सरकारको बजेटले यहाँको आर्थिक विकासमा सकारात्मक भूमिका खेल्नुले यहाँको जनस्तरको आर्थिक वृद्धीमा पनि सकारात्मक भूमिका खेल्न सक्छ। कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गरेको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार कर्णाली प्रदेशका नागरि कहरुको वार्षिक प्रतिव्यक्ति आय १ हजार ६६ अमेरिकि डलर हुने अनुमान गरिएको छ। जबकी नेपालको वार्षिक प्रतिव्यक्ति आय १ हजार ४ सय ३४ अमेरिकि डलर हुने अनुमान गरिएको छ। [५]

कर्णाली प्रदेश सरकारले विगतमा ल्याएका बजेटहरु हेर्दा पुँजीगत बजेट कम खर्च हुने समस्या छ। प्रदेश सरकारको विगत पाँच आर्थिक वर्षको औषत पुँजीगत बजेट खर्च ५८.३६ प्रतिशतमात्रै रहेको छ। [६] प्रदेश सरकारले यस आर्थिक वर्षमा यस समस्यालाई समाधान गर्नका लागि विशेष नीति लिएको छ। [७] यस प्रकारको नीतिले आगामी दिनमा प्रदेशको बजेट प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान सहयोग गर्न सक्छ। त्यससँगै प्रदेश सरकारले यहाँको आवश्यकता र बजेटका प्राथमिकतालाई हेरेर ध्यान दिएर बजेट ल्याउन सकेमा प्रदेशको बजेट प्रभावकारी कार्यान्वयन हुन सक्छ।

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट विश्लेक्षण सम्बन्धी यस अध्ययनमा कर्णाली प्रदेश सरकारको बजेटका खर्च प्राथमिकता, विनियोजन प्रवृत्ति विश्लेषण र विकास लक्ष्यहरुसँग पङ्क्तिबद्धता मूल्याङ्कन गरिनेछ।

---

१ वजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार

२ नेपालको संविधान, २०७२

३ आर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार, अर्थ मन्त्रालय

४ आर्थिक सर्वेक्षण २०८०/८१, कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय


५ आर्थिक सर्वेक्षण २०८०/८१, कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय

६ ऋति फाउण्डेसनले गरेको अध्ययन


७ वजेट वक्तव्य, आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार

## २. बजेट हाइलाइट

### कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को अनुमानित व्यय विवरण



स्रोतः बजेट वक्तव्य आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार




स्रोतः बजेट वक्तव्य आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार

### विगत आर्थिक वर्ष २०७४/०७५ देखि २०७९/०८० सम्मको चालु र पुँजीगत बजेटको संरचना

कर्णाली प्रदेशको विगत ६ वर्ष आर्थिक वर्ष २०७४/०७५ देखि २०७९/०८० सम्को कुल बजेट १ खर्ब ६६ अर्ब ५६ करोड प्रस्तुत भएको थियो।

बजेटको संरचना हेर्दा चालुतर्फ ३७.४६ प्रतिशत र पुँजीगततर्फ ६२.५४ प्रतिशत विनियोजन भइ सो विनियोजनको चालुतर्फ ६२.७१ प्रतिशत र पुँजीगततर्फ ५५.०१ प्रतिशत खर्च भइ समग्रमा ५७.९० प्रतिशत खर्च भएको छ।

चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्मको खर्च चालुतर्फ ४९.३८ प्रतिशत र पुँजीगततर्फ २९.८७ प्रतिशत खर्च भइ समग्रमा ३७.९३ प्रतिशत खर्च भएको छ।




स्रोतः बजेट वक्तव्य आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार

## विगतको अनुदान फिर्ता अवस्था

**संघीय सरकारबाट प्राप्त ससर्त, समपूरक र विशेष अनुदान**
**कार्यान्वयनको अवस्था**

आर्थिक वर्ष २०७५/०७६ देखि २०७९/०८० सम्म


**कुल प्राप्त अनुदान रू. २७ अर्ब ५२ करोड**




*स्रोत: बजेट वक्तव्य आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार*

आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको अवधिमा संघीय सरकारबाट सुरु बजेटमा ससर्त, समपूरक र विशेष अनुदानमा कुल रु. २७ अर्ब ५२ करोड प्राप्त भएकोमा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी जम्मा रु. ७ अर्ब ७८ करोड संघीय सञ्चित कोषमा फिर्ता भएको छ।

**बजेटको स्रोत:**




कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेटको मुख्य स्रोत वित्तिय समानिकरण अनुदान रहेको छ। कुल आयको ३३ प्रतिशत हिस्सा यस किसिमको अनुदानको रहेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रियप्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वीत्तीय

समानीकरण अनुदान प्रदान गर्दछ। नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीयतहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम र आयोगको सिफारिसमावीत्तीय समानीकरण अनुदान प्रदान गर्दछ। यसैगरी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को आयको दोस्रो बढी हिस्सा संघीय सरकारको राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम रहेको छ। बिभिन्न तहका सरकारको वित्तीय स्रोत आवश्यकतालाई सम्बोधन गर्नका लागि कुनै एक तहको सरकारले सङ्कलन गरेको राजस्वको निश्चित हिस्सा विभिन्न तहका सरकारहरुबीच गरिने बाँडफाँट नै राजस्व बाँडफाँट हो। [८]

महत्वपुर्ण कुरा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आयको तेस्रो सबैभन्दा ठुलो हिस्सा चालु आर्थिक वर्ष २०८०/८१ मा खर्च नभई बाँकी रहने अनुमानित रकम रहेको छ। जुन आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित कुल बजेटको १६.३६ प्रतिशत रहेको छ।

प्रदेशको आन्तरिक आय एकदमै न्यून रहेको छ। प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित कुल बजेटमा आन्तरिक आयको हिस्सा जम्मा २.६६ प्रतिशत मात्रै रहेको छ।

**प्रदेश सरकारको बजेटको मुख्य स्रोतको विगतको अवस्था**

| बजेटको स्रोत | रकम (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
| आन्तरिक राजस्व | ५०००००० | २५१०४१ | ३००६५३ | ६०००००० | ७१२९७४ | ८३६२१२ | ३२००८८० |
| चालु आवको खर्च नभइ बचत रकम | ५०००००० | ८९४७४८४ | १११९०९८५ | १२९२१६८१ | ४५५४५८५ | ७४१०६०५ | ४५५२५३४० |
| राजस्व बाँडफाँट | ५५१६६१५ | ७४७१७०० | ७३९५६०० | ७४४७७०० | ९०२२००० | ८८४०३०० | ४५६९३९१५ |
| वित्तीय समानीकरण अनुदान | ९१३१४०० | ९८४८३०० | ९६३२९०० | १०१४२१०० | १०७२६४०० | १०१६४१०० | ५९६४५२०० |
| सशर्त अनुदान | ६६३४१५० | ५२७२७०० | ४४९११०० | ३९८७७०० | ५६९६७०० | ४७५०३०० | ३०८३२६५० |
| समपुरक अनुदान | ५०००००० | १८१२२०० | २५२५०० | ८१३५०० | १२१५००० | ७६१६०० | ९८५४८०० |
| विशेष अनुदान | ० | ० | ४६०००० | ६१३००० | ६६८००० | ५९७९०० | २३३८९०० |
| आन्तरिक ऋण | १०००००० | ७५०००० | ० | ० | ० | ० | १७५०००० |
| वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम | ० | ० | १७६१५ | २९५५ | २५४०० | १८६९० | ६४६६० |
| **कुल बजेट रु.** | २८२८२१६५ | ३४३५३४२५ | ३३७४१३५३ | ३६५२८६३६ | ३२६२१०५९ | ३३३७९७०७ | १९८९०६३४५ |

*स्रोतः स्रोतः बजेट वत्तव्य, आर्थिक वर्ष २०८१/८२, कर्णाली प्रदेश सरकार*


आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्म बजेटको आम्दानीको स्रोत हेर्दा चालु आर्थिक वर्षमा खर्च नभई बचत हुने रकम ठुलो मात्रामा रहेको देखिन्छ। ६ आर्थिक वर्षको औषत हेर्दा आगामी आर्थिक वर्षको बजेटको २३ प्रतिशत हिस्सा चालु आर्थिक वर्षमा खर्च नभई बचत हुने रकम रहेको देखिन्छ। ६ वर्षको औषतमा हेर्दा बजेटमा सबैभन्दा ठुलो हिस्सा भने वित्तिय समानिकरण अनुदान रहेको देखिन्छ।

६ आर्थिक वर्षको औषत हिसाब गर्दा ३० प्रतिशत हिस्सा वित्तिय समानिकरण अनुदानको रहेको देखिन्छ। कर्णाली प्रदेश सरकारले निर्माण गर्ने बजेटमा आन्तरिक राजश्वको हिस्सा भने निकै नै कम रहेको देखिन्छ। ६ आर्थिक वर्षमा बजेटको औषत २ प्रतिशत मात्रै आन्तरिक राजश्वले योगदान गरेको देखिन्छ। बजेटको २३ प्रतिशत अंश चालु आर्थिक वर्षमा खर्च नभएको रकम भएको तथ्यांकबाट प्रदेशमा बजेट कार्यान्वयन नहुने समस्या एकदमै बिकराल रहेको देखिन्छ।

---

८ http://bit.ly/3VZBTEV

## कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्मको बजेटको स्रोत




*स्रोतः बजेट वक्तव्य आर्थिक वर्ष आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१, कर्णाली प्रदेश सरकार*

### आन्तरिक राजश्व

प्रदेशको स्थापना भएदेखि आर्थिक वर्ष २०७९/८० सम्मको आन्तरिक राजस्व सङ्कलन २ अर्ब २४ करोड १३ लाख ६३ हजार भएको छ जुन कुल राजस्व लक्ष्यको ९४.८ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको आन्तरिक राजस्व सङ्कलन जेठ मसान्तसम्म रु. ६१ करोड ९७ लाख अर्थात् लक्ष्यको तुलनामा ७४.१० प्रतिशत रहेको छ। लक्ष्यअनुसार भने कर्णाली प्रदेश सरकारले आन्तरिक राजश्व सन्तोषजनक नै संकलन गरेको छ।

यद्यपी यहाँको कुल बजेटमा आन्तरिक राजश्वको हिस्सा भने निकै निराशाजनक रहेको देखिन्छ। कर्णाली प्रदेशको आन्तरिक राजश्वले प्रदेशको कुल बजेटको २ प्रतिशत मात्रै योगदान गरेको देखिने हुनाले यहाँको आन्तरिक राजश्व व्यापक रुपमा वृद्धी गर्नका लागि रणनीति निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ।

## बिगतको बजेट खर्च

**आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्म बजेट खर्चको अवस्था**


| आर्थिक वर्ष | चालु खर्च (प्रतिशत) | पुँजिगत खर्च (प्रतिशत) |
|---|---|---|
| ७५/७६ | ७४.०१ | २४.५४ |
| ७६/७७ | ४३.५१ | ५६.४९ |
| ७७/७८ | ५७.७७ | ७४.८६ |
| ७८/७९ | ६१.०६ | ७०.१४ |
| ७९/८० | ७१.९७ | ६५.७६ |
| ८०/८१* | ३९.३८ | २९.८७ |

**आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्म*

*स्रोतः महालेखापरिक्षकका प्रतिवेदनहरु र बजेट वक्तव्य, कर्णाली प्रदेश सरकार*

आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्मको बजेट खर्च हेर्दा कर्णाली प्रदेश सरकारको बजेट खर्च निकै नै निराशाजनक रहेको छ। ६ वर्षको औषत हेर्दा ८ यहाँको औषत पुँजीगत वजेट खर्च जम्मा ५३.६१ प्रतिशत रहेको छ। त्यसैगरी चालु खर्च समेत ५७.९५ प्रतिशत रहेको छ। यस किसिमको विकास बजेट खर्चको अवस्थाले प्रदेश संरचनाको प्रभावकारी कार्यान्वयनमा समेत असर गरेको छ। साथै नागरिकहरुमा समेत प्रदेश संरचनाप्रति वितृष्णा उत्पन्न गर्न सक्छ।

**कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्मको बजेटको खर्च**




*स्रोतः महालेखापरिक्षकको कार्यालयका प्रतिवेदनहरु २०७७ देखि २०८१ सम्म, कर्णाली प्रदेश*

**कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को कार्यगत व्यय अनुमान**


| शीर्षक | विनियोजित बजेट (प्रतिशत) |
|---|---|
| **सामान्य सार्वजनिक सेवा**<br>कार्यकारी र विधायिकाको निकाय, आर्थिक तथा वित्तिय र वैदेशिक मामिला, सामान्य सेवा, सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास, विभिन्न तहका सरकारहरु वीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३३.९९ |
| **सार्वजनिक शान्ति सुरक्षा**<br>न्यायालय, सार्वजनिक शान्ति सुरक्षा अन्यत्र वर्गिकृत नभएको | १ |
| **आर्थिक मामिला**<br>कृषि, वन, मत्स्यपालन तथा शिकार, खानी उत्पादन तथा निर्माण, यातायात, अन्य उद्योगहरु | २१.४१ |
| **वातावरण संरक्षण**<br>जैविक विविधता र भू-संरक्षण, अनुसन्धान तथा विकास पर्यावरण संरक्षण, वातावरण संरक्षण, अन्यत्र वर्गिकृत नभएको, आवास तथा सामुदायिक सुविधा | २.४६ |
| **आवास विकास**<br>खानेपानी, सडक विद्युतीकरण, आवास तथा सामुदायिक सुविधा अत्यत्र उल्लेख नभएको | २७.७८ |
| **स्वास्थ्य**<br>औषधी उत्पादन, उपकरण तथा औजार, बहिरंग सेवा, अस्पताल सेवा, सार्वजनिक स्वास्थ्य सेवा, स्वास्थ्यमा अनुसन्धान सेवा, स्वास्थ्य अन्यत्र बर्गिकृत नभएको, मनोरंजन, संस्कृति तथा धर्म | ७.५२ |
| **मनोरंजनात्मक र खेलकुद सेवाहरु**<br>सांस्कृतिक सेवा, मनोरंजन संस्कृती तथा धर्ममा अनुसन्धान तथा विकास | २.६५ |
| **शिक्षा**<br>तहमा वर्गिकृत नहुने शिक्षा-अनौपचारिक शिक्षा, शिक्षाको लागि सहायक सेवाहरु | २.९५ |
| **सामाजिक सुरक्षा**<br>बेरोजगार | ०.२४ |
| **कुल जम्मा** | **१००** |

*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/०८२, कर्णाली प्रदेश सरकार*

प्रदेश सरकारको कार्यगत व्यय अनुमान हेर्दा सबैभन्दा धेरै बजेट सामान्य सार्वजनिक सेवा क्षेत्रमा विनियोजन भएको छ। यस क्षेत्रमा कुल ३३.९९ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ। यसअन्तर्गत कार्यकारी र विधायिकाको निकाय, आर्थिक तथा वित्तिय र वैदेशिक मामिला, सामान्य सेवा, सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास, विभिन्न तहका सरकारहरु वीच हुने सामान्य प्रकृतिको हस्तान्तरण रहेका छन्।

आवास विकास अन्तर्गत २७.७८ प्रतिशत विनियोजन गरिएको छ। जसअन्तर्गत खानेपानी, सडक विद्युतीकरण, आवास तथा सामुदायिक सुविधा रहेका छन्। आर्थिक मामिला अन्तर्गत २१.४१ प्रतिशत बजेट विनियोजन गरिएको छ। जसअन्तर्गत कृषि, वन, मत्स्यपालन तथा शिकार, खानी उत्पादन तथा निर्माण, यातायात र अन्य उद्योगहरु रहेका छन्।

## कार्यगत बजेट विनियोजन प्रतिशत




## निकायगत बजेट


| निकायको नाम | विनियोजित बजेट प्रतिशत |
|---|---|
| प्रदेश व्यवस्थापिका | ०.४६ |
| प्रदेश लोक सेवा आयोग | ०.३२ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | ०.०६ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १.२१ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ०.५६ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६.१९ |
| जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ९.१३ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५.९४ |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ०.९४ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३३.३२ |
| सामाजिक विकास मन्त्रालय | १८.२२ |
| कर्णाली प्रदेश योजना आयोग | ०.१३ |
| अर्थ वित्तीय व्यवस्था | ०.८ |
| अर्थ- विविध | ७.३२ |
| स्थानीय तह | १५.३९ |

*स्रोत: बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/०८२, कर्णाली प्रदेश सरकार*

निकायगत बजेट विनियोजन हेर्दा भौतिक पूर्वाधार विकास मन्त्रालयमा ३३.३२ प्रतिशत बजेट विनियोजन गरिएको छ।

भने सामाजिक विकास मन्त्रालयमा १८.२२ प्रतिशत बजेट विनियोजन गरिएको छ। स्थानीय तहको लागि १५.३९ प्रतिशत बजेट विनियोजन गरिएको छ।

**निकायगत बजेट विनियोजन प्रतिशत**




**बजेटका उद्देश्य र प्राथामिकता रणनीतिक क्षेत्र**

| बजेटका उद्देश्यहरु | बजेटका प्राथमिकताहरु | बजेटका प्रमुख सात रणनीतिक क्षेत्र |
|---|---|---|
| (क) तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरी प्रदेशको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमार्फत आर्थिक वृद्धि गर्नु, | (क) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास, | (क) पुँजीगत खर्चमा गुणात्मक अभिवृद्धि, सार्वजनिक खर्चमा मितव्ययिता र कार्यदक्षता बढाइ उपलब्धि र प्रतिफलसँग आबद्ध गर्ने, |
| (ख) तहगत सरकारबिचको सहकार्य एवम् निजी क्षेत्र समेतको सहभागितामा प्रदेशको अर्थतन्त्रको विकास र विस्तार गर्नु, | (ख) स्वस्थ, सक्षम र संस्कारयुक्त मानव संशासन विकास, | (ख) प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी तुल्याउने, |
| (ग) साधन स्रोतको सन्तुलित र समन्यायिक तवरले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरणमा जोड दिनु, | (ग) उत्पादनशील र रोजगारमूलक क्षेत्रको विकास, | (ग) नवप्रवर्तन र उद्यमशीलता विकासमा जोड दिने, |
| (घ) सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण तथा वितरणात्मक न्यायमार्फत् सामाजिक न्याय कायम गर्नु, | (घ) तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान, विकास र उपयोग, | (घ) सम्भाव्य आन्तरिक स्रोतको पहिचान, प्रक्षेपण र परिचालन बढाउने, |
| (ङ) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा प्रदेशवासीको समान, सरल र सुलभ पहुँच स्थापित गर्नु, | (ङ) उपयोगी, लाभदायक र प्रतिफलयुक्त क्षेत्रमा सरकारी लगानी प्रवाह, | (ङ) स्रोत साधनको विनियोजनमा कुशलता र कार्यान्वयनमा दक्षता कायम गर्दै मुद्राको मूल्य सुनिश्चित गर्ने, |
| च) दिगो, गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधारको विकास गर्नु, | (च) संस्थागत सुशासन कायम र सेवा प्रवाहमा सुधार, | (च) अनावश्यक र फजुल खर्च माथि कडाइका साथ नियन्त्रण गर्ने, |
| (छ) प्रदेश सरकारबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी तुल्याउनु। | (छ) कृषि, वन, उद्योग, पर्यटन र सूचना प्रविधिको विकास गरी रोजगारी सिर्जना। | (छ) प्रशासनिक संयन्त्रलाई नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने। |

*स्रोतः बजेट वक्तव्य, आर्थिक वर्ष २०८१/०८२, कर्णाली प्रदेश सरकार*

## ३. मुख्य नीति तथा परियोजनाहरु तथा टीप्पणी

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री महेन्द्र केसीले २०८१ असार १ गते कर्णाली प्रदेश सभामा प्रस्तुत गरेको बजेट वक्तव्य बमोजम केही मुख्य र चाखलाग्दा नीति तथा परियोजनाहरुको यहाँ चर्चा गरिएको छ । ती योजनाहरु संघीयताको कार्यान्वयन र प्रदेशको विकासका लागि सकरात्मक भूमिका खेल्ने अपेक्षा गरिएको छ। भने केही ठुलो बजेटका परियोजनाहरु जसको दिर्घकालिन प्रभाव अध्ययन नगरी ल्याइएका छन् वा लोकरिझ्याईँका लागि ल्याइएका छन् ती योजनाहरुबारे पनि टिप्पणी गरौँ ।

**मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशका बेरोजगार युवाहरुलाई रोजगारी दिन भनी ल्याइएको कार्यक्रम हो मुख्यमन्त्री रोजगार कार्यक्रम । २०७५ सालदेखि सुरु गरिएको यस कार्यक्रमका लागि वर्षेनी ठुलो रकम खर्च भएपनि उपलब्धिबिहन बन्दै गएको विभिन्न अध्ययन तथा सरोकारवाला विज्ञहरुले औँल्याएका छन् । [९] स्थानीय तहमार्फत कार्यान्वयनका लागि आर्थिक वर्ष २०८१/०८२ को लागि रु. १ अर्ब १६ करोड कर्णाली प्रदेश सरकारले विनियोजन गरेको छ। यस कार्यक्रमलाई स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी ससर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा १६ हजार बेरोजगार व्यक्तिले आंशिक रोजगारी प्राप्त गर्ने विश्वास लिइएपनि प्रभावकारी व्यवस्थापन र कार्यान्वयनको अभावमा यो कार्यक्रम विगतका वर्षहरुमा जस्तै असफल हुने देखिन्छ । यसअघि कर्णालीका ७९ वटै स्थानीय तहमा लागू गरिएको कार्यक्रमको अनुगमन समेत नभएको र स्थानीय तहले प्रगति विवरण समेत नबुझाएको र यस कार्यक्रममा व्यापक अनियमितता हुने गरेको समाचारहरु आइरहेका छन् । [१०]

**ठोस कार्यक्रमबिनाको महत्वकांक्षी नीति**

प्रदेशको बजेटमा संघीय सरकार, स्थानीय तह, निजी क्षेत्र तथा अन्य शासकीय पात्रहरुको सहयोग र साझेदारीमा प्रदेशमा व्याप्त रहेको गरिबीको दुष्चक्रलाई तोड्ने दृढ संकल्प लिएको उल्लेख गरिएको छ। यसप्रकारका नीतिहरु केबल बजेट वक्तव्यलाई मिठास दिनुबाहेकका उपलब्धी नहुने देखिन्छ । त्यसैगरी समग्र योजना तथा बजेट प्रक्रियालाई गरिबी निवारण र रोजगारी सिर्जनामा लक्षित गरेको उल्लेख गरिएको छ । जबकी प्रदेश सरकारको बजेट वक्तव्य हेर्दा अधिकांश पुराना आयोजनाहरु नै छन् । जुन प्रभावकारी कार्यान्वयन भइरहेका छैनन् । बजेटका केही मुख्य बुँदाहरु हेरौँः

बजेटको वक्तव्यको बुँदा नं. २६.ः यो बजेटको कार्यान्वयनबाट गरिबी, बेरोजगारी र असमानतामा कमी आइ समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुग्ने विश्वास लिइएको छ ।

बुँदा नं. ६३.ः कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडीबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन प्रवर्द्धन गरिने र स्थानीय कच्चापदार्थमा आधारित भौगोलिक पहिचानसँग जोडिने र नवप्रवर्तनकारी उद्यमीलाई प्रोत्साहन गरिने बजेटमा उल्लेख गरिएको छ। बजेटमा यस्ता उत्पादनको विकास र विस्तार का लागि सम्भाव्यता र उपलब्धताका आधारमा वस्तु विकास प्रशिक्षण कक्ष सञ्चालनमा ल्याइनेछ ।

बुँदा नं. ६६.ः प्रदेश सरकारका निकायबाट हुने खरिदमा प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहन गरिनेछ। रैथाने उत्पादनको बजारीकरणको लागि कार्यविधि बनाई कोसेली घर सञ्चालनमा ल्याइनेछ ।

9 https://annapurnapost .com/story/447626/

10 https://ekantipur .com/pradesh-6/2023/03/01/167763794622317097 .html

बुँदा नं. ७४.:संघीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार तथा स्तरोन्नति गर्न आवश्यक बजेट व्यवस्था गरि एको छ।

बुँदा नं. ८२.: कर्णाली प्रदेशलाई जडीबुटीको हबको रुपमा विकास गरी कर्णाली प्रदेशमा प्रचुर मात्रामा पाइने विभिन्न प्रकारका जडीबुटीहरुको पहिचान, संकलन, भण्डारण, प्रशोधन र बजारीकरणबाट हरित रोजगारी तथा समुदायको आयआर्जन अभिवृद्धि गरिनेछ । उच्च मूल्ययुक्त जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धनमा जोड दिइनेछ । यस पेसामा आश्रित स्थानीय तथा व्यवसायीहरुको उद्यमशीलता विकासको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

बुँदा नं. ८४.: कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि पहिचान भएका प्रदेश लोकमार्ग तथा अन्य मार्गहरुको प्राथमिकीकरण सहित प्रादेशिक सडक गुरुयोजना तयार गरिनेछ । गुरुयोजना अनुसार सडकहरुको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

बुँदा नं. १७९.: आगामी आर्थिक वर्ष प्रदेशको समग्र शासकीय सुधारको फूटप्रिन्टको रुपमा रहने गरी स्मार्ट कर्णालीः सुदृढ प्रणालीको अवधारणालाई मूर्तरुप दिइनेछ। यसका लागि संस्थागत सुशासन, मजबुद आन्तरिक नियन्त्रण प्रणाली, योजना तथा बजेट अनुशासन जस्ता शासकीय औजारहरुको कडाइका साथ पालना र आन्तरिकीकरण गरिनेछ। यसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुधारको मानक र मियोको रुपमा रहनेछ।

बुँदा नं. १९२.: हाल प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले पालिकाहरुबाट कार्यान्वयन हुने आयोजनाका लागि ससर्त अनुदानमार्फत वित्तीय हस्तान्तरण हुने पद्धतिमा व्यापक परिमार्जन तथा सुधार गरिनेछ। योजनाको माग र कार्यान्वयन व्यवस्थालाई पारदर्शी, नतिजामूखी र मापदण्डमा आधारित तुल्याउन आवश्यक कार्यविधि निर्माण गरी पूर्ण परिपालना हुने प्रणाली विकास गरिनेछ।

**योजना तथा बजेट कार्यान्वयनमा सुधारः सुशासन र विकासको आधार**

योजना तथा बजेट कार्यान्वयनमा सुधारः सुशासन र विकासको आधार शीर्षक यस बजेटको महत्वपुर्ण पाटो हो । बजेट कार्यान्वयन कमजोर भइरहेको, योजना छनोटको स्पष्ट मापदण्ड नभएको र प्रदेशको आन्तरिक राजश्व निकै कम भएको अवस्थामा यसको प्रभावकारी कार्यान्वयन हुन सके आगामी वर्षहरुमा केही सुधार हुने देखिन्छ।

बुँदा नं. १९६.: प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरुलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गरिनेछ। आयोजना व्यवस्थापनलाई संस्थागत र प्रणालीबद्ध गर्न प्रदेश आयोजना बैंक स्थापना र सञ्चालनमा ल्याइनेछ।

१९७. सीमित स्रोत साधनलाई प्राथमिकतापूर्ण क्षेत्रमा उच्चतम् प्रयोग गर्न प्रदेश सरकारको नीति, योजना, बजेट तथा कार्यक्रमबिचको तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१९८. प्रदेश सरकारको बजेटबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि, निजका परिवार, निर्माण व्यवसायी र राष्ट्रसेवक कर्मचारी उक्त समितिमा बस्न नपाउने व्यवस्था मिलाएको छ।

१९९. बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र तयार गरिनेछ। बजेट कार्यान्वयन प्रक्रियालाई शीघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानुनहरु पहिलो त्रैमासिकभित्र तर्जुमा गरिनेछ।

२००. बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रु. १० करोडभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रुपमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

२०१. प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको प्रभावकारिता वृद्धिका लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कनमा सहयोग पु-याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

२०२. योजना तथा विकास सम्बन्धी विषयहरुमा अध्ययन र अनुसन्धान गरी सरकारलाई प्रतिवेदन गर्न कर्णाली प्रदेश योजना आयोगको संरचनागत सुधार, क्षमता विकास तथा स्रोत साधन सम्पन्न गरी बौद्धिक समूह (थिङ्क ट्याङ्क) को रुपमा विकास गरिनेछ।

२०९. स्रोत सहमति प्रदान गरेको मितिले ६ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः खारेज भएको मानिनेछ। यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरुको स्रोत सुनिश्चितता सहमति यसै बजेटमार्फत खारेज गरिएको छ।

२१०. प्रदेशभित्रका आयोजना कार्यान्वयनका लागि बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रक्रिया सुरु गरिसक्नु पर्नेछ। सो समयावधिमा ठेक्का प्रक्रिया अगाडि नबढेको कार्यक्रममा विनियोजित रकम रोक्का गर्न सकिनेछ। तोकिएका लक्ष्य समयमा नै हासिल गर्ने निकायलाई पुरस्कृत गर्ने र नगर्नेलाई दण्डित गर्ने नीति अवलम्बन गरिनेछ।

२११. बजेटमा विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन।

२१२. ठुला र रणनीतिक महत्वका विकास आयोजनाहरुको कार्यान्वयनको प्रक्रियामा हुने अवरोध हटाउँदै सहजीकरण गरी तीव्रता दिन स्वतन्त्र तथा विज्ञ तेस्रो पक्ष संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिनेछ।

४. **निष्कर्ष**

-कर्णाली प्रदेश सरकारले विगतमा ल्याएका बजेटहरु पुँजीगत बजेट कम खर्च हुने समस्यामा थिए। प्रदेश सरकारको विगत पाँच आर्थिक वर्षको औषत पुँजीगत बजेट खर्च ५८.३६ प्रतिशतमात्रै रहेको छ।

-प्रदेश सरकारले यस आर्थिक वर्षमा यस समस्यालाई समाधान गर्नका लागि वशेष नीति लिएको छ। यस प्रकारको नीतिले आगामी दिनमा प्रदेशको बजेट प्रभावकारी रुपमा कार्यान्वयमा लैजान सहयोग गर्न सक्छ। त्यससँगै प्रदेश सरकारले यहाँको आवश्यकता र बजेटका प्राथामिकतालाई हेरेर मात्रै बजेट ल्याउन सकेमा प्रदेशको बजेट प्रभावकारी कार्यान्वयन हुन सक्छ।

-प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को कुल बजेटः रु. ३१ अर्ब ४१ करोड ४१ हजार रहेको छ। जसमा चालुतर्फ रु. ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार अर्थात् २४.१२ प्रतिशत, पुँजीगततर्फ रु. १८ अर्ब ७५ करोड ०८ लाख ६८ हजार अर्थात् ५९.७ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु. २५ करोड अर्थात् ०.८ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु. ४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार अर्थात् १५.३८ प्रतिशत रहेको छ।

-कर्णाली प्रदेशको विगत ६ वर्षको कुल बजेट १ खर्ब ६६ अर्ब ५६ करोड प्रस्तुत भएको थियो। बजेटको संरचना हेर्दा चालुतर्फ ३७.४६ प्रतिशत र पुँजीगततर्फ ६२.५४ प्रतिशत विनियोजन भइ सो विनियोजनको चालुतर्फ ६२.७१ प्रतिशत र पुँजीगततर्फ ५५.०१ प्रतिशत खर्च भइ समग्रमा ५७.९० प्रतिशत खर्च भएको छ।

-आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्मको खर्च चालुतर्फ ४९.३८ प्रतिशत र पुँजीगततर्फ २९.८७ प्रतिशत खर्च भइ समग्रमा ३७.९३ प्रतिशत खर्च भएको छ।

-आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको अवधिमा संघीय सरकारबाट सुरु बजेटमा ससर्त, समपूरक र विशेष अनुदानमा कुल रु. २७ अर्ब ५२ करोड प्राप्त भएकोमा सम्बन्धित आर्थिक वर्षभित्र खर्च हुन नसकी जम्मा रु. ७ अर्ब ७८ करोड संघीय सञ्चित कोषमा फिर्ता भएको छ। कुल प्राप्त अनुदानको २७.२८ प्रतिशत अनुदान खर्च हुन नसकी फिर्ता भएको देखिन्छ।

-कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेटको मुख्य स्रोत वित्तिय समानिकरण अनुदान रहेको छ। कुल आयको ३३ प्रतिशत हिस्सा यस किसिमको अनुदानको रहेको छ। यसैगरी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को आयको दोस्रो बढी हिस्सा संघीय सरकारको राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम रहेको छ।

-प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आयको तेस्रो सबैभन्दा ठुलो हिस्सा चालु आर्थिक वर्ष २०८०/८१ मा खर्च नभई बाँकी रहने अनुमानित रकम रहेको छ। जुन आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित कुल बजेटको १६.३६ प्रतिशत रहेको छ।

-प्रदेशको आन्तरिक आय एकदमै न्यून रहेको छ। प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित कुल बजेटमा आन्तरिक आयको हिस्सा जम्मा २.६६ प्रतिशत मात्रै रहेको छ।

-आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्मको बजेटको आम्दानीको स्रोत हेर्दा चालु आर्थिक वर्षमा खर्च नभई बचत हुने रकम ठुलो मात्रामा रहेको देखिन्छ। ६ आर्थिक वर्षको औषत हेर्दा आगामी आर्थिक वर्षको बजेटको २३ प्रतिशत हिस्सा चालु आर्थिक वर्षमा खर्च नभई बचत हुने रकम रहेको देखिन्छ।

–६ वर्षको औषतमा हेर्दा बजेटमा सबैभन्दा ठुलो हिस्सा भने वित्तिय समानिकरण अनुदान रहेको देखिन्छ। ६ आर्थिक वर्षको औषत हिसाब गर्दा ३० प्रतिशत हिस्सा वित्तिय समानिकरण अनुदानको रहेको देखिन्छ।

–कर्णाली प्रदेश सरकारले निर्माण गर्ने बजेटमा आन्तरिक राजश्वको हिस्सा भने निकै नै कम रहेको देखिन्छ। ६ आर्थिक वर्षमा बजेटको औषत २ प्रतिशत मात्रै आन्तरिक राजश्वले योगदान गर्ने गरेको देखिन्छ।

–प्रदेशको स्थापना भएदेखि आर्थिक वर्ष २०७९/८० सम्मको आन्तरिक राजस्व संकलन २ अर्ब २४ करोड १३ लाख ६३ हजार भएको छ जुन कुल राजस्व लक्ष्यको ९४.८ प्रतिशत हुन आउँछ।

–आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको आन्तरिक राजस्व  संकलन जेठ मसान्तसम्म रु. ६१ करोड ९७ लाख अर्थात् लक्ष्यको तुलनामा ७४.१० प्रतिशत रहेको छ। लक्ष्यअनुसार भने कर्णाली प्रदेश सरकारले आन्तरिक राजश्व सन्तोषजनक नै संकलन गरेको छ। यद्यपी यहाँको कुल बजेटमा आन्तरिक राजश्वको हिस्सा भने निकै निराशाजनक रहेको देखिन्छ।

–आर्थिक वर्ष २०७५/०७६ देखि २०८०/०८१ सम्मको औषत बजेट खर्च हेर्दा कर्णाली प्रदेश सरकारको बजेट खर्च निकै नै निराशाजनक रहेको छ। ६ वर्षको औषत हेर्दा यहाँको औषत पुँजीगत वजेट खर्च जम्मा ५३.६१ प्रतिशत रहेको छ। त्यसैगरी चालु खर्च समेत ५७.९५ प्रतिशत रहेको छ।

–प्रदेश सरकारको कार्यगत व्यय अनुमान हेर्दा सबैभन्दा धेरै बजेट सामान्य सार्वजनिक सेवा क्षेत्रमा विनियोजन भएको छ। यस क्षेत्रमा कुल ३३.९९ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ। आवास विकास अन्तर्गत २७.७८ प्रतिशत विनियोजन गरि एको छ। आर्थिक मामिला अन्तर्गत २१.४१ प्रतिशत बजेट विनियोजन गरिएको छ। जसअन्तर्गत कृषि, वन, मत्स्यपालन तथा शिकार, खानी उत्पादन तथा निर्माण, यातायात र अन्य उद्योगहरु रहेका छन्।

–निकायगत बजेट विनियोजन हेर्दा भौतिक पूर्वाधार विकास मन्त्रालयमा ३३.३२ प्रतिशत बजेट विनियोजन गरिएको छ। भने सामाजिक विकास मन्त्रालयमा १८.२२ प्रतिशत बजेट विनियोजन गरिएको छ।

–कर्णाली प्रदेशका बेरोजगार युवाहरुलाई रोजगारी दिन भनी २०७५ सालदेखि सुरु गरिएको मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि वर्षेनी ठुलो रकम खर्च भएपनि उपलब्धिबिहन बन्दै गएको विभिन्न अध्ययन तथा सरोकारवाला विज्ञहरुले औंल्याएका छन्। स्थानीय तहमार्फत कार्यान्वयनका लागि आर्थिक वर्ष २०८१/०८२ को लागि रु. १ अर्ब १६ करोड कर्णाली प्रदेश सर कारले विनियोजन गरेको छ। यस कार्यक्रमलाई स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी ससर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ। यसअघि कर्णालीका ७९ वटै स्थानीय तहमा लागू गरिएको कार्यक्रमको अनुगमन समेत नभएको र स्थानीय तहले प्रगति विवरण समेत नबुझाएको र यस कार्यक्रममा व्यापक अनियमितता हुनेगरेको समाचारहरु आइरहेका छन्।

–प्रदेश सरकारले ठोस कार्यक्रमविनिनका विभिन्न नीतिहरु ल्याएको छ। प्रदेशको बजेटमा संघीय सरकार, स्थानीय तह, निजी क्षेत्र तथा अन्य शासकीय पात्रहरुको सहयोग र साझेदारीमा प्रदेशमा व्याप्त रहेको गरिबीको दुष्चक्रलाई तोड्ने दृढ  संकलन लिएको उल्लेख गरिएको छ।यसप्रकारका नीतिहरु केबल बजेट वक्तव्यलाई मिठास दिनुबाहेकका उपलब्धी नहुने देखिन्छ।

–योजना तथा बजेट कार्यान्वयनमा सुधारः सुशासन र विकासको आधार शीर्षक यस बजेटको महत्वपुर्ण पाटो हो। बजेट कार्यान्वयन कमजोर भइरहेको, योजना छनोटको स्पष्ट मापदण्ड नभएको र प्रदेशको आन्तरिक राजश्व निकै कम भएको अवस्थामा यसको प्रभावकारी कार्यान्वयन हुन सके आगामी वर्षहरुमा केही सुधार हुने देखिन्छ।

–प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरुलाई यथार्थपरक, आवश्यकतामा आधारित, व्यवस्थित, वस्तुपरक तुल्याउन परियोजना व्यवस्थापन सम्बन्धी छुट्टै ऐन निर्माण गर्ने एउटा महत्वपुर्ण कदम हो ।

–प्रदेश योजना आयोगलाई प्रभावकारी बनाउने कुरा बजेटमा समावेश हुनु सकारात्मक कुरा हो ।

–यहाँको नीजि क्षेत्र र उत्पादन वृद्धी तथा उद्यमशीलता अभिवृद्धी गर्नका लागि सहजीकरण गर्नेखालका नीतिहरु प्रदेश सरकारले यस आर्थिक वर्षको बजेटमा ल्याएको देखिँदैन । प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गरेको भएपनि बजेटमा यस्ता कुराहरुलाई धेरै स्थान दिएको देखिँदैन ।

५. सुझावहरु

–बजेटको २३ प्रतिशत अंश चालु आर्थिक वर्षमा खर्च नभएको रकम भएको तथ्यांकबाट प्रदेशमा बजेट कार्यान्वयन नहुने समस्या एकदमै बिकराल रहेको देखिन्छ। यसका साथै कर्णाली प्रदेशको आन्तरिक राजश्वले प्रदेशको कुल बजेटको २ प्रतिशत मात्रै योगदान गर्नुले यहाँको आन्तरिक राजश्व व्यापक रुपमा वृद्धी गर्नका लागि रणनीति निर्माण गरी काम गर्नुपर्ने देखिन्छ।

–यस किसिमको विकास बजेट खर्चको दुर्दशाले प्रदेश संरचनाको प्रभावकारी कार्यान्वयनमा समेत असर गर्न सक्छ। सँगसंगै नागरिकहरुमा समेत प्रदेश संरचनाप्रति वितृष्णा उत्पन्न गर्न सक्छ।

–कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षको बजेटको मुख्य स्रोत वित्तिय समानिकरण अनुदान रहेको छ। कुल आयको ३३ प्रतिशत हिस्सा यस किसिमको अनुदानको रहेको छ। प्रदेशको आन्तरिक आय एकदमै न्यून रहेको छ। प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को लागि प्रस्तावित कुल बजेटमा आन्तरिक आयको हिस्सा जम्मा २.६६ प्रतिशत मात्रै रहेको छ। यसलाई सुधार गरी प्रदेशको आन्तरिक आयको मात्रामा वृद्धी गर्नका लागि विशेष रणनीति निर्माण गरी कार्यान्वयन गर्न जरुरी देखिन्छ।

–प्रदेश सरकारले ल्याउने विभिन्न महत्वाकांक्षी योजनाहरुका लागि पुर्व अध्ययन गरी त्यसको दिर्घकालिन प्रभाव अध्ययन गरेर सकरात्मक नतिजा दिनेखालका योजना तथा कार्यक्रमहरुलाई मात्रै बजेटमा समावेश गर्न जरुरी छ।

–प्रदेश सरकारले ल्याउने विभिन्न नीतिहरुका लागि बजेटको सुनिश्चितता गरिनु आवश्यक छ। बजेटको सुनिश्चितताबिना यस्ता कार्यक्रमहरु ल्याउनुको कुनै औचित्य रहँदैन।

–प्रदेश सरकारले बजेटमा यहाँको भौतिक पुर्वाधार विकासका महत्वपुर्ण परियोजनाका सन्दर्भमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

–यहाँको नीजि क्षेत्र र उत्पादन वृद्धी तथा उद्यमशीलता अभिवृद्धी गर्नका लागि सहजीकरण गर्नेखालका योजनाहरु प्रदेशको समृद्धीका लागि धेरै नै महत्वपुर्ण छन्।

–कर, प्राकृतिक स्रोत व्यवस्थापन र आर्थिक विविधीकरण मार्फत् स्थानीय राजस्व वृद्धि गर्ने रणनीतिहरु विकास गर्न आवश्यक छ। जसले प्रदेशको वित्तीय स्वायत्ततालाई बढावा दिनेछ।

–संघीय अनुदानमा निर्भरताले प्रादेशिक सरकारलाई कोषमा कमजोर बनाउँछ। कर, शुल्क, र राजस्व उत्पन्न गर्ने परियोजनाहरु जस्ता सम्भावित स्रोतहरु अन्वेषण गरेर आन्तरिक राजस्व बढाउने उपायहरु खोज्नु महत्वपुर्ण छ।

–आर्थिक बृद्धिलाई प्रोत्साहन गर्न र रोजगारीका अवसरहरु सिर्जना गर्न सरकारले सहयोगी नीति, प्रोत्साहन र अनुकूल व्यापार वातावरणको माध्यमबाट निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्नुपर्छ।

–बजेट निर्माण प्रक्रियाबारे नागरिकहरुलाई सचेत गराउनु आवश्यक छ। उनीहरुको बुझाइअनुसार नै प्रदेश सरकारप्रति उनीहरुको अपेक्षा निर्माण हुने हो।

# ऋति फाउण्डेसनबारे

ऋति फाउण्डेसन कम्पनी ऐन, २०६३ बमोजिम संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी हो । स्थापनाकालदेखि यसले आफ्नो उद्देश्यअनुसार कर्णाली प्रदेशको आर्थिक उन्नति र प्रगतिका लागि काम गर्दै आएको छ ।

विशेषतः बहसको वातावरण बनाई समग्र विकासमा योगदान गर्ने यसको उद्देश्य रहेको छ । फाउण्डेसनले कर्णाली उत्सव..कुडा कर्णालीका, लेट्स स्पिक, सवाल उद्यमीको जस्ता सार्वजनिक वहसका नियमित कार्यक्रमका साथै कर्णाली प्रदेशको समृद्धिका लागि आवश्यक नीतिगत व्यवस्थाहरुको अध्ययन, अनुसन्धान तथा पैरवी गर्दै आइरहेको छ । यसले वाक स्वतन्त्रता र सम्पत्तिमाथिको अधिकारको पक्षमा वकालत गर्छ ।

विकासका लागि विचार भन्ने मान्यता बोकेको फाउण्डेसनले गन्थन, मन्थन र चिन्तनलाई प्रश्रय दिन्छ । फाउण्डेशनले आर्थिक, सामाजिक, नीतिगत बहस पैरवीका साथै अनुसन्धानमुलक छलफल पत्र, अनुसन्धानमुलक प्रकाशन र तीनको आधारमा अनुसन्धानमुलक लेख सामाग्री समेत प्रकाशन गर्दै आएको छ । फाउण्डेशनले अनुसन्धान, बहस र पैरवीलाई मुख्य प्राथामिकता दिन्छ ।

HRITI FOUNDATION

TOWARDS PROSPEROUS KARNALI

info@hriti.org www.hriti.org +97783521564 /hritifoundation